# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित**

## भाग-२

## सूचना २९

## मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति:** २०७९।११।०५

**प्रस्तावना**

स्थानीय तहले सडक, पुल, पुलेसा, ढल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधारहरु नियमित रुपमा निर्माण गरिरहेका हुन्छन् । यस्ता पूर्वाधारका आयोजनाहरुलाई दीगो रुपमा सञ्चालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा मर्मत सम्भार गर्नु अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ट को वुँदा (१) देखि (५) सम्ममा नगरपालिका तथा गाउँपालिकाले स्थानीय ग्रामिण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाइ र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति, अनुगमन तथा नियमन र यस संग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने भनि उल्लेख छ । गाउँपालिका तथा नगरपालिकाले गर्नुपर्ने मर्मत सम्भार कार्यको लागि कार्यविधि तयार गरी कार्यक्रम गर्दा मर्मत सम्भार गर्ने कार्य ब्यबस्थित तथा बिधिसंगत ढंगले सञ्चालन भई सम्पन्न हुने हुँदा थुलुङ दुधकोशी गाउँपालिकाको पनि सडक, पुल पुलेसा, ढल, सिँचाइ, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकता अनुसार मर्मत गरी दीर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा उल्लेख भए वमोजिमको अधिकार प्रयोग गरी थुलुङ दुधकोशी गाउँपालिकाको मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७९ तयार गरिएको छ ।

### परिच्छेद : एक
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क)यस कार्यविधिको नाम "थुलुङ दुधकोशी गाउँपालिकाको मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको मर्मत सम्भार शिर्षकमा रहेको रकमलाई सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ सभालाइ सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले थुलुङ दुधकोशी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(च) “समिति” भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि वमोजिम गठन गरिएको समिति सम्झनु पर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ज) “उपाध्यक्ष” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित बहालवाला गाउँपालिका उपाध्यक्ष वा गाउँपालिकाको उपाध्यक्षको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(झ) “कर्मचारी” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको सचिवको रुपमा कामकाज गर्न तोकिएका अधिकारीलाइ सम्झनु पर्दछ ।

(ट) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ठ) “संयोजक” भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि वमोजिम गठन गरिएको समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(ड) “सदस्य सचिव” भन्नाले मर्मत सम्भार कार्यको लागि यस कार्यविधि वमोजिम गठन गरिएको समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ढ) “गैर सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ण) “पूर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, पुल, पुलेसा, नहर, कूलो, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरु आदिलाई सम्झनु पर्दछ ।

(त) “मर्मत सम्भार” भन्नाले पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्दछ ।

(थ) “आर्थिक बर्ष” भन्नाले श्रावण १ गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाइ सम्झनु पर्दछ ।

(द) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य**

यस कार्यविधिको प्रमुख उद्देश्य थुलुङ दुधकोशी गाउँपालिका भित्र रहेका सडक, बाटो, नहर, कूलो, पुल पुलेसा, ढल, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनु पर्ने पूर्वाधारहरुको पहिचान गर्न, सो अनुसार योजना तर्जुमा गर्न, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्न, लागत अनुमानमा एक रुपता कायम गर्न र गाउँपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई गाउँपालिकाको काम कारवाहीमा एकरुपता कायम गर्नु नै यसको मूल उद्येश्य भएता पनि यस बाहेकका अन्य उद्देश्यहरु तल उल्लेख गरिए अनुसारका छन ।

(क) सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भारका लागि प्राप्त हुने श्रोत र साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने ।

(ख) टोल विकास संस्था, सरकारी तथा गैर सरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने ।

(ग) स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्ने ।

(घ) स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने ।

(ङ) वार्षिक रुपमा मर्मत सम्भार गर्नु पर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयार पारी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार पार्ने ।

(च) वर्तमानमा सो लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने ।

(छ) पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रक्रियालाई निरुत्साहित पार्ने ।

(ज) स-साना मर्मत संभार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।

(झ) स-साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृतिलाई निरुत्साहित गर्दै जाने ।

(ञ) मर्मत सम्भार कार्यहरुलाई सहयोग दिई कार्यमा सरलता ल्याउने ।

(ट) आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।

(ठ) गाउँपालिका क्षेत्रभित्र सेवाग्राहिहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

**४. कार्यविधिको प्रयोगकर्ता**

यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्नेछन् ।

(क) थुलुङ दुधकोशी गाउँपालिका, वडा समिति, गाउँपालिका क्षेत्र भित्रका नागरिक समाज, टोल विकास संस्था, ठेकेदार, कर्मचारीहरु ।

(ख) गाउँपालिका क्षेत्र भित्रका टोल विकास संस्था, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरु ।

(ग) गाउँपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

## ५. कार्यविधिको कार्य क्षेत्र र सीमा

यस कार्यविधिमा मर्मत सम्भारका लागि आवश्यक पर्ने कानूनी साथै व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई पनि समेट्न खोजिएको छ । थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा थुलुङ दुधकोशी गाउँपालिका क्षेत्रमा मात्र रहने छ । यसको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई थुलुङ दुधकोशी गाउँपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन । प्रस्तुत कार्यविधि अन्य स्थानीय तहको लागि समेत उपयोगी हुन सक्नेछ ।

## ६. आवश्यकता

स्थानीय तहमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी गाउँपालिकाका वासीन्दाहरुमा भरपर्दो सेवा प्रवाह प्रदान गर्न, नेपाल सरकार लगायत अन्य निकायहरुबाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययितता कायम गर्न, पूर्वाधारहरुको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनावद्ध, नियमित एवम् प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक भएको छ । यसका साथै देहायका कारणहरुबाट पनि यसको आवश्यकता तथा महत्व बुझ्न सकिन्छ जसलाइ बुँदागत रुपमा उल्लेख गरिएको छ ।

(क) थुलुङ दुधकोशी गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरु लगायत अन्य पूर्वाधारहरुको सेवालाई सूचारु राख्न,

(ख) सम्भावित दुर्घटनालाई घटाउन,

(ग) जटिल किसिमका क्षतिहरुबाट बचाउन,

(घ) गाउँपालिकाका वासीन्दाहरुको आधारभूत हक अधिकारको संरक्षण गर्न,

(ङ) गाउँपालिका तथा अन्य निकायबाट भएको लगानीको संरक्षण गर्न,

(च) अन्तर स्थानीय तहहरुसंग समन्वय कायम राख्न,

(छ) सवै नागरिकहरुको गाउँपालिकाको पहुँचमा बृद्धि गर्न,

(ज) वातावरणीय समस्याहरुबाट जोगाई राख्न,

(झ) सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न ।

## ७. कानुनी आधार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ट को वुँदा (१) देखि (५) सम्ममा नगरपालिका तथा गाउँपालिकाले स्थानीय ग्रामिण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा,

सिँचाइ र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति, अनुगमन तथा नियमन सम्बन्धी कार्यहरु गर्नुपर्ने भनि उल्लेख छ । त्यस्तै किसिमले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) मा नगरपालिका तथा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाइ सेवा शूल्क लगाउन सक्नेछ भनि उल्लेख छ । यसरी सेवाग्राहीबाट प्राप्त रकम पूर्वाधारहरुको दीर्घकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनावद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक देखिन्छ । त्यस्तै किसिमले सोहि ऐनको दफा १०२ को उपदफा (१) र (२) मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन वनाउन सक्ने र ऐनको अधीनमा रही आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका र मापदण्ड वनाउन सक्नेछ भनि उल्लेख भए अनुसार यो कार्यविधि तयार गरिएको छ ।

### ८. गैरसरकारी संस्थालाई प्रोत्साहित गर्नुपर्ने

गाउँपालिका क्षेत्रभित्र विकास सम्बन्धी कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी संस्थालाई पनि प्रोत्साहित गर्नु पर्नेछ । गैर सरकारी संस्थाहरुले आफ्नै र गाउँपालिकाबाट प्राप्त श्रोतबाट कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् । यसरी आयोजना सञ्चालन गर्ने गैर सरकारी संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरु सम्बन्धित क्षेत्रका गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद : दुई
## मर्मत सम्भार सम्बन्धी नीति तथा कार्यनीतिहरु

### ९. नीति

गाउँपालिका क्षेत्र भित्र गाउँपालिका स्वयंले र सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरु लगायत सार्वजनिक सेवा सम्बन्धी काम कारवाही सञ्चालन गर्दा सकेसम्म गाउँपालिका क्षेत्रका सवै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पूलेसा, कूलो तथा नहर लगायतका संरचनाहरुको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार कार्य गर्न थुलुङ दुधकोशी गाउँपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ ।

### १०. कार्यनीति

यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि थुलुङ दुधकोशी गाउँपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अबलम्बन गरिनेछ ।

(क) मर्मत सम्भार कार्य भरसक श्रम प्रधान वा कामदारहरु सोझै परिचालन गरी वा टोल विकास संस्थाको माध्यमबाट वा ठेक्कापट्टाबाट गराउने ।

(ख) मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट संचालन गर्ने ।

(ग) सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

(घ) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि सम्भव भएसम्म आवश्यक सूची तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

(ङ) सडक, पुल, पूलेसा, कूलो तथा नहर लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, टोल विकास संस्थालाई गाउँपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमश दिँदै जाने ।

(च) गाउँपालिका क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणाधीन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत सम्भार सहित दीगो उपयोगिताको लागि गाउँपालिकाको आफ्नै श्रोत, नेपाल सरकारको अनुदान अन्तर्गत पूर्वाधार क्षेत्रका लागि वार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

(छ) मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले टोल विकास संस्थालाई हस्तान्तरण गर्दै जाने ।

(ज) मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यान्वयनका लागि गाउँपालिका, गाउँपालिकाबासी तथा टोल विकास संस्थाहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

**११. योजनाको तर्जुमा तथा कार्यान्वयन**

गाउँपालिकाले सहभागितात्मक प्रक्रियाबाट मर्मत सम्भार योजनाहरु तर्जुमा गर्नु पर्दछ । जसको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) समितिको गठन तथा कोषको व्यवस्थापन,

(ख) भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,

(ग) प्रारम्भिक लागत अनुमान र प्राथमिकीकरण,

(घ) विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,

(ङ) समितिबाट योजना सहितको कार्यक्रमको तयारी,

(च) योजना शाखाबाट निरीक्षण र टोल विकास संस्थाहरुको गठन,

(छ) गाउँपालिकाको विकास कार्यक्रममा समावेश,

(ज) कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परीक्षण,

(झ) अनुगमन तथा मूल्यांकन

(ञ) कार्यसम्पन्न प्रतिवेदन,

(ट) समिक्षा ।

## परिच्छेद : तीन
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

### १२. कोषको स्थापना

(क) गाउँपालिकामा मर्मत सम्भार सम्बन्धी कार्यको लागि छुट्टै शिर्षक (कोष) रहनेछ । उक्त शिर्षकमा देहाय अनुसारका रकमहरु रहनेछन ।

(१) मर्मत सम्भारका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(२) प्रत्येक आर्थिक वर्षमा गाउँसभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(३) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(४) गाउँसभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(५) नेपाल सरकारबाट विनियोजित रकम,

(६) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीवाट प्राप्त सेवा शूल्क ।

(७) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(ख) गाउँपालिकाबाट सञ्चालन हुने भौतिक निर्माणसंग सम्बन्धित कार्यक्रमहरुको लागी विनियोजित रकमको आधारमा मर्मत संम्भारको लागी रकमको व्यवस्था गरिने छ ।

### १३. कोषको प्रयोग

यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

(क) नियमित मर्मत सम्भारको कार्य गर्न गराउन,

(ख) सार्वजनिक बाटो, पूल, पुलेसा, ढल, सिँचाइ, खानेपानी जस्ता भौतिक पूर्वाधार प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोध बारे जनचेतना अभिवृद्धि गर्न गराउन,

(ग) मर्मत सम्भार सम्बन्धी काम गर्ने संस्थाहरु बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरीवेक्षण र अनुगमन गर्न,

(घ) सामाजिक सचेतना तथा सहभागिता मूलक कार्यक्रम सञ्चालन गर्न ।

### १४. नपुग रकमको व्यवस्था

रकम अभाव भई सञ्चालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिकको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

### १५. विवरण तयार पार्ने

प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै कोष सञ्चालन समितिवाट कार्यक्रम तयार पारी योजना शाखा मार्फत सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**१६. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने**

आगामी आर्थिक वर्षमा मर्मत सम्भारका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन गाउँसभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

**१७. श्रेस्ता राख्ने**

(क) कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

(ख) समितिले प्रशासनिक खर्च गाउँ सभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

(ग) सभावाट उपलब्ध गराउने वजेटको रकम तोकिएको क्षेत्र वाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

**१८. बैठक भत्ता**

मर्मत सम्भार विशेष कोषका पदाधिकारीहरुले वैठकमा भाग लिए बापत गाउँ सभावाट तोकिए बमोजिमको मात्र वैठक भत्ता पाउने छन् ।

**१९. खाता सञ्चालन**

कोषको आर्थिक कारोबारको लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**२०.लेखापरीक्षण**

मर्मत सम्भार कोषबाट भएको आय व्ययको आन्तरिक र अन्तिम लेखापरीक्षण गाउँपालिकाको लेखापरीक्षण सँगसँगै सोही लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

## परिच्छेद : चार
## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र अन्य व्यवस्था

**२१.कार्यान्वयन व्यवस्थापन**

(क) सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य टोल विकास संस्था वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिनेछ । कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ । तर यस किसिमको कार्य गर्नका लागि कार्यपालिकाको पूर्व स्वीकृति भने लिनु पर्नेछ ।

(ख) टोल विकास संस्था मार्फत मर्मत सम्भारको कार्य गराउँदा उपभोक्ता सँग लागत सहभागिताको विधि र प्रकृयालाइ समेत जोड दिइनेछ ।

(ग) मर्मत सम्भार कार्यको लागि पेश्की नदिई कार्य प्रगतिको आधारमा मूल्यांकन गरी गाउँपालिकाले भुक्तानी दिनेछ ।

(घ) थुलुङ दुधकोशी गाउँपालिकामा मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नका लागि देहाय वमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ ।

(१) गाउँपालिका अध्यक्ष - संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) प्रमुख, प्राविधिक शाखा - सदस्य

(४) १ महिला सहित २ जना गाउँ कार्यपालिका सदस्यहरु - सदस्य

(५) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(६) प्रमुख, योजना शाखा - सदस्य सचिव

(ङ) यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(च) आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

(छ) आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

## २२. समितिको बैठक

(क) सामान्यतया समितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

(ग) सदस्य सचिवले समितिको वैठक वस्ने मिति, समय र स्थान तोकी वैठकमा छलफल हुने विषयसूची सहितको सूचना वैठक वस्ने समय भन्दा चौविस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(घ)कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) आकस्मिक रुपमा वैठक वस्नुपर्ने अवस्था भएमा संयोजकले जुनसुकै बेलापनि वैठक वोलाई कम्तिमा एक जना सदस्य र सदस्य सचिव सहितको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयहरुलाई पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

(च) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## २३. बैठकको निर्णय

बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नुपर्दछ । सर्वसम्मत निर्णय हुन नसकेमा कूल सदस्य संख्याको बहुमतको निर्णयलाई समितिको निर्णयको रुपमा मान्नु पर्नेछ । मत वरावर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

## २४. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आगामी आर्थिक वर्षमा गाउँपालिका क्षेत्रभित्र मर्मत गर्नु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी गाउँ सभामा पेश गर्ने ।

(ख) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ग) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(घ) कोषको आय-व्यय सम्बन्धी हर हिसाबको लेखापरीक्षण गराई सो को लेखापरीक्षण प्रतिवेदन गाउँपालिका मार्फत गाउँ सभामा पेश गर्ने ।

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था कार्यालय बाटै मिलाउने व्यवस्था गर्ने ।

(च) प्रत्येक चौमासिकमा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने ।

(छ) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(ज) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग गाउँपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(झ) श्रोतको व्यवस्थापन गर्ने ।

## २५. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

### (क) संयोजकको काम, कर्तव्य र अधिकार

(१) समितिको बैठकको अध्यक्षता गर्ने ।

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

(३) कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

(४) समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी गाउँ सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

(५) कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरी राख्ने व्यवस्था मिलाउने ।

### (ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार

(१) कोषको कार्यालय सञ्चालन गर्ने ।

(२) बैठकको निर्णय अभिलेख गरी राख्ने ।

(३) बैठकको निर्णय कार्यान्वयन गर्ने ।

(४) समितिको निर्णय अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

### (ग) सदस्यको काम, कर्तव्य र अधिकार

(१) समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

(२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(३) कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

(४) समितिको निर्णय अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद : पाँच
## मर्मत सम्भार सम्बन्धी व्यवस्था

### २६. मर्मत सम्भारका प्रकार

मर्मत सम्भारका प्रकार निम्नानुसारका हुनेछन ।

(क) नियमित मर्मत सम्भार ९च्यगतष्लभ ड़बष्लतभलबलअभ०,

(ख) पटके मर्मत सम्भार ९च्भअगचचभलत ड़बष्लतभलबलअभ०,

(ग) आवधिक मर्मत सम्भार ९एभचष्यमष्अ ड़बष्लतभलबलअभ०,

(घ) आकस्मिक मर्मत सम्भार ९ऋभचनभलअथ ड़बष्लतभलबलअभ०,

(ङ) रोकथाम मूलक मर्मत सम्भार ९एचभखभलतष्खभ ड़बष्लतभलबलअभ०,

(च) विशेष मर्मत सम्भार ९क्उभअष्बा ड़बष्लतभलबलअभ०

### २७. प्राथमिकता क्रम

मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम समितिले प्राप्त तथ्यांक र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्यसञ्चालन गरिने छ ।

(क)आकस्मिक मर्मत सम्भार,

(ख) नियमित मर्मत सम्भार,

(ग) पटके मर्मतसम्भार,

(घ) आवधिक मर्मत सम्भार,

(ङ) रोकथाम मूलक मर्मत सम्भार ,

(च) विशेष मर्मत सम्भार

### २८. सडक मर्मत सम्भार गर्ने टोल विकास संस्थाको कोष तथा व्यवस्थापन

(क) गाउँपालिकाले सडक मर्मत सम्भार समितिको पहलमा स्थानीय सडक मर्मत सम्भार गर्न टोल विकास संस्थाबाट परिचालन हुने गरी मर्मत सम्भार विशेष कोष स्थापना गर्न सक्नेछ । यस कोषमा गाउँपालिका तथा स्थानीय तह हेर्ने मन्त्रालयबाट सम्वन्धित सडक मर्मत सम्भारका लागि प्राप्त रकमहरु रहने छन् । यस अतिरिक्त स्थानीय सडक मर्मत सम्भार गर्ने टोल विकास संस्थाले स्वीकृत विधान वमोजिम थप श्रोतहरु समेत जुटाई रकम संचय गर्न र कोषको परिचालन समेत गर्न सक्नेछ ।

**(ख) यस मर्मत सम्भार गर्ने टोल विकास संस्थाको कोषमा निम्नानुसारका रकम जम्मा गरिनेछ :**

(१) गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार तोकिएको सडकमा मर्मत सम्भारका लागि विनियोजन भइ गाउँपालिकामा प्राप्त हुने रकम,

(२) सवारी कर र जरिवाना रकम,

(३) प्रत्यक्ष लाभ प्राप्त गर्ने घरपरिवार एवं अन्य उपभोक्ताहरुबाट प्राप्त नगद वा स्वेच्छिक श्रम वापतको रकम,

(४) सडक बोर्ड नेपालबाट तोकिएको सडकलाई विनियोजित रकम मध्येबाट टोल विकास संस्थालाइ मर्मत सम्भार कार्यका लागि गाउँपालिका मार्फत उपलब्ध हुने रकम,

(५) गाउँपालिकाको सहमतिमा विभिन्न आयोजनाहरुबाट टोल विकास संस्थाहरु मार्फत नै तोकिएको सडकको मर्मत सम्भार कार्यमा प्रयोग गर्ने शर्तमा छुट्याईएको रकम आदि ।

**२९. वार्षिक मर्मत सम्भार योजना**

गाउँपालिकाले निम्न विवरण सहितको निर्धारित ढांचामा वार्षिक मर्मत सम्भार योजना तयार गरी गाउँसभाबाट स्वीकृत गराई राख्नुपर्नेछ ।

(क)मर्मत सम्भार कार्य आवश्यक भएका सडकहरुको विवरण,

(ख)मर्मत सम्भार कार्यको प्रकार,

(ग)मर्मत सम्भार कार्यको प्राथमिकता,

(घ)मर्मत सम्भार कार्यको डिजाइन तथा लागत अनुमान,

(ङ) उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,

(च) कार्यान्वयन प्रक्रियाको किसिम,

(छ) प्राथमिकीकरण अनुमानित तालिका,

(ज) मर्मत सम्भार कार्य योजना ।

**३०.विभिन्न निकायहरुको भूमिका**

गाउँपालिका स्तरीय मर्मत सम्भारको समुचित कार्यान्वयनका लागि गाउँपालिकामा गाउँपालिकाका अतिरिक्त निम्न निकायहरुको पनि महत्वपूर्ण भूमिका रहनेछ ।

(क) गाउँपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा नगरपालिकाहरु,

(ख) सडक मर्मत सम्भार समिति,

(ग) टोल विकास संस्था,

(घ) सडक मर्मत सम्भार टोल विकास संस्था ।

## परिच्छेदः छ
## विविध

**३१. अनुगमन तथा मूल्यांकन**

गाउँपालिकाको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय अनुसार गरिनेछ ।

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा दफा २१ को खण्ड (घ) बमोजिम गठित समितिसँग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनका आधारमा वा कार्य प्रगतिको आधारमा भुक्तानी दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइनेछ ।

(घ) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था गाउँपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) टोल विकास संस्थाहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलनको काममा सम्लग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

छ) अनुगमण कार्य गाउँपालिकाको योजना अनुगमण समितिले नै गर्नेछ ।

### ३२. विवरण सार्वजनिक गर्नुपर्ने

मर्मत सम्भार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

### ३३. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने

राम्रो काम गर्ने टोल विकास संस्था तथा कर्मचारीहरुलाई गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

### ३४. जाँचपास र फरफारक

यस कार्यक्रम अन्तर्गत सञ्चालित स(साना कार्यक्रमहरु पनि सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ ।

### ३५. प्रतिवेदन

समितिवाट भए गरेका कार्यहरुको प्रगति प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालय मार्फत नियमित रुपमा सम्बन्धित निकायहरुमा पठाई राख्नु पर्नेछ ।

### ३६. संशोधन तथा बचाउ

(१) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) कार्यविधिमा लेखिएका कुराहरु नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र तत् सम्बन्धी नियमावली तथा अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

आज्ञाले,<br>
खरिधन राई<br>
नि. प्रमुख प्रशासकीय अधिकृत